श्री

उदयपुर जिल्ला अदालत

मालसामानहरु वार्तावाट बिक्रीको सूचना

सूचना प्रकाशित मिति २०७३/८/१४

यस अदालतमा रहेका तपसिल बमोजिमका खर्च भएर नजाने म.ले.प. फा.४७ बमोजिमका माल समानहरु दोश्रो पटकसम्म सिलवन्दी वोलपत्रको दरखास्त आव्हान गर्दा समेत कसैको दरखास्त पर्न नआएकोले जे जस्तो अवस्थामा छन्, सोही अवस्थामा कायम मुल्यमा नघटने गरी सिधै वार्तावाट विक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । ईच्छुक व्यक्ति वा फर्मवाट यो सूचना प्रकाशित भएको मितिले ७ दिन भित्र यस अदालतको लेखा शाखामा बुझाउने गरी मिति २०७३।७।२९ गतेको निर्णय बमोजिम दरखास्त आहान गरिएको छ । प्रस्तुत सूचना सम्मानित श्री सर्वोच्च अदालतको वेवसाईट www.supremecourt.gov.np र यस अदालतको सूचना पाटीमा समेत हेर्न सकिने छ।

मालसमानको विवरण:

| सि.नं. | मालसमानको विवरण | न्यूनतम मुल्याङ्कित अंक रु | दरखास्त दर्ता गर्ने अन्तिम मिति | दरखास्त दस्तुर (फिर्ता नहुने गरी) |
|---|---|---|---|---|
| १ | मेसिनरी औजार (कम्प्युटर, फोटोकपी, फ्याक्स, प्रिन्टर, यु.पि.एस.) जेनेरेटर, लगायत अन्य तथा फर्निचर लगायतका कार्यालय सामग्रीहरु समेत ( मुल्य खुलेको सि.न. १ देखि ९१ सम्म र मुल्य नखुलेको सि.न. १ देखि ११ सम्म) | १,०५,५८२।– | २०७३/८/७ गते कार्यालय समय सम्म | रु १०/- |

दरखास्त सम्वन्धी अन्य शर्तहरु:

१.दरखास्त दाखिल गर्ने अन्तिम मिति पछि प्राप्त भएका दरखास्तलाई कुनै मौका दिने र वार्ता प्रकृयामा सहभागी गराईने छैन ।

२. दरखास्त सम्बन्धी कागजात फर्मको हकमा फर्म/व्यवसाय दर्ता प्रमाणपत्र, फर्म नविकरण भएको प्रमाणपत्र, मु.अ.कर दर्ता प्रमाण पत्र र आ.व २०७१/०७२ को कर चुक्ता प्रमाणपत्र संलग्न राखी रीतपुर्वकको निवेदन पेश गरी र ब्यक्तिको हकमा नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि संम्लग्न गरी माथि उल्लेख भएको समयवधि भित्र दरखास्त दर्ता गरिसक्नु पर्ने छ । दर्ता भएका दरखास्तहरु दाखिला गर्ने अन्तिम दिनको भोलि पल्ट १२:०० बजे निर्धारित मुल्यमा एक भन्दा वढी फर्म वा ब्यक्ति लिन ईच्छुक भएमा मुल्यको वोल

कवोलमा वढावढ गरी सवै भन्दा वढी मुल्यमा सामान लैजाने ईच्छुक व्यक्ति वा फर्मलाई सामान विक्री गरिने छ ।

३. वढी मुल्य कबोल गर्ने फर्म वा व्याक्ति (दरखास्तवाला) ले वार्ता द्वारा खरिद विक्री निर्धारण गरिने छ । वार्ताद्वारा निर्धारित कबोल भएको रकम सामान लानु भन्दा अगावै कोष तथा लेखा नियन्त्रण कार्यालय उदयपुरको धरौटी खाता नं. २०९०२०३००००००० कार्यालय कोड नं. १३-२०४-०१ मा जम्मा गरेको सक्कल भौचर पेश गर्नु पर्नेछ र दरखास्तवालाले लिलाम विक्री सम्बन्धी समानहरु वार्ता सम्पन्न भएपछि ७ (सात) दिन भित्र कबोल रकम (मु.अ.कर सहित) दाखिला गरी सामान उठाई लैजानु पर्नेछ ।

४. लिलाम विक्री हुने मालसामान हेर्न चाहनेले कार्यालय समयभित्र उदयपुर जिल्ला अदालतमा उपस्थित भई हेर्न सकिने छ ।

५. लिलाम विक्री गरिने मालसामानहरु जे–जस्तो अवस्थामा छन् सोही अवस्थामा नै सकार गर्नुपर्ने छ ।

६. मुल्य खुलेको सि.न. १ देखि सि.नं. ९१ र मुल्य नखुलेको सि.नं. १ देखि सि.नं. ११ सम्मका सामानहरुको एकमुष्ट न्यूनतम मुंल्याकित रकमको अंक १०५५८२।- रहेकोले उक्त मुल्य खुलेका र नखुलेका समानहरुको वार्ताद्वारा निर्धारित मुल्य दरखास्तवालाले एकमुष्ट विक्री सकार गर्नु पर्ने छ । पृथक पृथक सामानको पृथक पृथक स्वीकार गरिने छैन ।

७. लिलाम विक्री भएको सामानहरु उठाई अन्यत्र लैजादा लाग्ने ज्याला तथा कानून बमोजिम कर र दस्तुर लाग्ने भए सो कर दस्तुर लिलाम विक्री सकार गर्ने पक्षले नै व्यहोर्नु पर्ने छ ।

८. वार्ता सम्वन्धि अन्य कार्य विधि लगायतका विषयमा यस अदालतमा सुरक्षित हुनेछ ।

९. यसमा उल्लेख भए बाहेक अन्य कुराहरु प्रचलित ऐन नियममा उल्लेख भएको हकमा सोही वमोजिम सो नभए अदालतले निर्धारण गरे बमोजिम हुनेछ ।